बागमती प्रदेश सरकार

# उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

## आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०८१

(बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको (माननीय मन्त्रीस्तर) बाट मिति २०८१/०६/१८ मा स्वीकृत)

बागमती प्रदेश सरकार

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय

बागमती प्रदेश, हेटौंडा

आ.व. २०८१।०८२

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

## प्रस्तावना

बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट अन्तर्गत उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय र मातहतका निकायहरुको स्वीकृत कार्यक्रम तथा बजेटलाई कानुनी प्रक्रिया पुऱ्याई, सरल र पारदर्शी बनाई कार्यान्वयन गर्न वान्छनीय भएकोले प्रदेश विनियोजन ऐन २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

# विषयसूची

परिच्छेद-१ ........ १

प्रारम्भिक ........ १

१. संक्षिप्त नाम र प्रारम्भ : ........ १

२. परिभाषा: ........ १

परिच्छेद-२ ........ २

३. मार्गदर्शक सिद्धान्तहरु ........ २

परिच्छेद-३ ........ ४

उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम ........ ४

४. उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रमः ........ ४

५. उपभोक्ता समितिको गठनः ........ ४

६. प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृतिः ........ ५

७. कार्यक्रम कार्यान्वयनः ........ ५

८. संचालित कार्यक्रमको भुक्तानीः ........ ६

परिच्छेद-४ ........ ८

परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम ........ ८

९. सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय अध्ययन, सफ्टवेयर निर्माण तथा सञ्चालन ........ ८

परिच्छेद-५ ........ ९

मेला, महोत्सव, प्रदर्शनी आयोजना तथा सहयोग ........ ९

परिच्छेद-६ ........ ११

बहुवर्षिय तथा क्रमागत योजना कार्यान्वयन ........ ११

१५. स्वीकृत बहुवर्षिय खरिद योजना कार्यान्वयनः ........ ११

१६. क्रमागत योजना कार्यान्वयनः ........ ११

परिच्छेद-७ ........ १२

उद्योग, वाणिज्य तथा भूमि सम्बन्धि कार्यक्रम कार्यान्वयन सम्बन्धी ........ १२

१७. कोशेली घर/ साझा सुविधा केन्द्र निर्माण (विभिन्न संघसंस्थाको सहकार्यमा समेत) ........ १२

१८. प्रविधि हस्तान्तरण सम्वन्धी कार्यक्रम/ अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान (१.३.५ एवम् ११.३.२२ भित्रका क्रियाकलापहरु) ........ १३

१९. विभिन्न सीप विकास तथा उद्यमशीलता सम्बन्धी तालिम कार्यक्रमहरु........................................१३

(२.६.४ भित्रका सबै क्रियाकलापहरु)......................................................................................१३

२०. उद्यम विकास/तालिम सहजकर्ता (तालिम संचालन सहयोग-प्रति जिल्ला ३ जना,कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार) (उद्यमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम):.................१३

२१. नियमित बजार/व्यापार/व्यवसाय अनुगमन ( सबै किसिमको बजार अनुगमन)................................१४

२२. २.६.६.२८/२.६.६.५० (जिल्लास्तरमा सरोकारवालासंग अन्तरक्रिया गोष्ठी)..............................१४

२३. २.७.२५.१३५, २.७.२५.१९० (वार्षिक कार्यक्रम तथा प्रगति विवरण प्रकाशन, वार्षिक प्रगति पुस्तिका प्रकाशन)..........................................................................................................१५

२४. उद्योग दिवस/उपभोक्ता दिवस.........................................................................................१५

२५. Business Incubation Center स्थापना, सञ्चालनमा सहयोग तथा प्रविधि खरिद..................................१६

२६. २.५.३.१० उद्योग तथा वाणिज्य दर्ता फाईल डिजिटाईज कार्य (सेवा र परामर्श खर्च)....................१६

२७. २.८.१.२१ दर्ता तथा नविकरण भएका उद्योगहरुको अनुगमन गरी अवस्था (उत्पादन, रोजगारी र पूँजी) देखिने प्रतिवेदन तयारी (घरेलु, साना, मझौला र ठूला उद्योग मात्र), २.८.१.३ उद्योग अनुगमन तथा मुल्याङ्कन....१६

२८. २.६.१.४० कार्यालय/निर्देशनालयका कर्मचारीहरुको लागि उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी क्षमता अभिवृद्धि तालिम...................................................................................................१७

२९. २.७.२५.२७४ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन क्षेत्रमा भएका विभिन्न उपलब्धिहरुका विषयमा सम्बन्धित सरोकारवालाहरुसँग अनुभव आदान प्रदान कार्यक्रम..........................................................१७

३०. २.७.२५.१९५ बजार अनुगमनबाट जफ्त गरिएको म्याद गुज्रेको तथा कमसल गुणस्तरका सामान डिस्पोजल व्यवस्थापन..................................................................................................................१७

३१. २.७.२५.२७५ उद्योग वाणिज्य क्षेत्रका सम्वन्धमा छिमेकी मुलुकहरुमा भएका उपलब्धिहरुको अध्ययन अवलोकन....................................................................................................................१७

३२. २.७.२५.२७६ हाम्रो प्रदेश हाम्रो उद्यम टेलिसिरियल उत्पादन र प्रशारण/ २.७.२५.२७७ महिला लघु उद्यमी रेडियो सचेतना कार्यक्रम.........................................................................................१८

३३. २.७.२५.२८१ नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम..................................................................१८

३४. २.७.२५.२८३ उपभोक्ता सचेतना कार्यक्रम / २.७.३४.२ विद्यालय, स्थानीय तह, निजी क्षेत्र एवम् सामुदायिक संस्थाहरुसँगको सहकार्यमा उपभोक्ता हक हित संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम........................१८

३५. ११.६.२५.३ भुटनदेवी मा.वि. को औद्योगिक उपज प्रदर्शनी भवन निर्माण.....................................१८

३६. २.७.३४.३ स्थानीय तहहरुसँग उद्योग तथा वाणिज्य प्रशासन एवम् नियमनका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम......................................................................................................................१९

३७. २.७.३४.१२ प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ एवंम् प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ को Post Legislative Scrutiny सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम..........................................१९

३८. २.७.३४.९ नीति निर्माणका लागि सरोकारवाला निकायहरुसँग नीति संवाद तथा अन्तर्क्रिया कार्यक्रम.....१९

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

३९. २.७.५.६२ बागमती प्रदेशको उद्योगको अवस्था र सम्भावना बारे श्रव्यदृश्य सामाग्री निर्माण ............ २०
४०. २.७.२८.११ उद्योग, वाणिज्य तथा उपभोक्ता हक-हित संरक्षण सम्वन्धी प्रादेशिक कानून तर्जुमा तथा छलफल कार्यक्रम........................................................................................................ २०
४१. २.७.२८.१२ लघु तथा घरेलु उद्यमीहरुको सफलताको कथाहरुको डकुमेन्ट्रि तयारी .................... २०
४२. २.७.२८.१४ अनुसन्धान तथा विकास (उद्यमशीलता र नवप्रवर्तन आदि)................................ २०
४३. २.७.२८.१५ प्रदेशस्तरीय बजारीकरण तथा औद्योगिकिकरणको सम्भावना अवलोकन भ्रमण.............. २०
४४. २.६.६.६६ प्रदेशभित्रका मालपोत तथा नापी कार्यालयहरुसँग अन्तर्क्रिया तथा छलफल ............... २०
४५. २.७.३४.१४ सरकारी, सार्वजनिक तथा गुठी जग्गाको विद्युतीय अभिलेख तयारी........................... २१
४६. २.७.३४.५ प्रदेश भूउपयोग परिषद्को गठन तथा सञ्चालन ................................................ २१
४७. २.७.३४.६ प्रादेशिक एटलस तयारी तथा प्रकाशन...................................................... २१
४८. २.७.३४.७ चक्लाबन्दी र जग्गा एकीकरण गर्न स्थानीय तहको सहकार्यमा नमुना कार्यक्रम सञ्चालन..... २१
४९. २.७.२८.९ भूमि सम्बन्धि ऐन, नियम नीतिं, कानून, मापदण्ड, कार्यविधि निर्माण.............................. २१
५०. ११.३.२२.५८ Survey Instrument खरिद...................................................................... २१
५१. ११.४.२२.९८५ सर्भे पार्क र वाल निर्माण ................................................................. २१
परिच्छेद-८................................................................................................................ २२
स्थानीय तहमा हस्तान्तरित कार्यक्रमहरु सम्बन्धी ................................................................. २२
५२. प्रदेश सशर्त अनुदान अन्तर्गत विभिन्न प्रकृतिका कोशेली घर निर्माण ११.१.२.११ (ईच्छाकामना गाउँपालिका, चितवन), ११.१.२.१३ (हेटौंडा उपमहानगरपालिका, मकवानपुर), ११.१.२.१२ (ललितपुर महानगरपालिका, ललितपुर), ११.१.२.११ (ईच्छाकामना गाउँपालिका, चितवन), ११.१.२.१४ (नागार्जुन नगरपालिका, काठमाडौं)... २२

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

मानतीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीज्यूबाट मिति २०८१।०६।१८ मा स्वीकृत

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ।

(२) यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "कार्यक्रम" भन्नाले बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय र मातहतको निकायबाट कार्यान्वयन हुने आ.व.२०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम/क्रियाकलाप तथा लागत साझेदारीमा कार्यालयले व्यहोर्ने पूर्वाधार सम्वन्धि कार्यक्रम समेतलाई सम्झनु पर्छ।

(ख) "कार्यालय" भन्नाले उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय अन्तर्गत स्थापना भएका कार्यालय वा निकाय सम्झनु पर्छ।

(ग) "कार्यालय प्रमुख" भन्नाले तोकिएको कार्यालयको प्रमुख कर्मचारीलाई सम्झनु पर्छ।

(घ) "कार्यविधि" भन्नाले आर्थिक वर्ष २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ लाई सम्झनु पर्छ।

(ङ) "प्राविधिक समिति" भन्नाले सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, डि.पी.आर. तथा अन्य अध्ययन लगायतका कार्यको परामर्शदाताले पेश गरेको प्रतिवेदन पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस गर्न गठन गरिएको विशेषज्ञ इन्जिनियर लगायतको समितिलाई सम्झनु पर्छ।

(च) "निर्देशनालय" भन्नाले उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय सम्झनुपर्नेछ ।

(छ) "समिति" भन्नाले प्रचलित कानूनले तोकेको समितिलाई सम्झनु पर्दछ ।

(ज) "सरोकारवाला" भन्नाले कार्यक्रम एवम् योजनासँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्ति, संस्था वा समुहलाई सम्झनु पर्दछ ।

(झ) "नवउद्यमी" भन्नाले गत दुई आ.व. र यस चालु आ.व. मा दर्ता भएका उद्योग/व्यवसाय र फर्मलाई जनाउनेछ ।

(ञ) "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयलाई सम्झनु पर्छ।

(ट) "स्थानीय तह" भन्नाले कार्यक्रम संचालन हुने स्थानको स्थानीय तह सम्झनु पर्छ।

माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीज्यूबाट मिति २०८१।०६।१८ मा स्वीकृत

परिच्छेद-२

## मार्गदर्शक सिद्दान्तहरु

३. **मार्गदर्शक सिद्धान्तहरुः** निम्न विषयहरुलाई यस कार्यविधिको मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ।

- कार्यक्रम संचालन गर्दा मितव्ययी, पारदर्शि र जनसहभागीताको सिद्धान्तको आधारमा प्रभावकारी ढंगले लाभग्राही समुदायलाई अधिकतम फाईदा र रोजगारी श्रृजना हुने गरी संचालन गरिनेछ ।
- यस कार्यक्रम अन्तरगत सञ्चालन गरीने क्रियाकलापहरुको लागि आवश्यक जग्गा सम्बन्धित व्यक्ति, फर्म, संघसंस्था वा कम्पनीको नाममा रहेको हुनुपर्नेछ । अन्य सार्वजनिक तथा सरकारी जग्गा प्रयोग गर्ने हो भने प्रचलित ऐन, नियम तथा कानुनले तोकेको मापदण्ड पुरा गरी भोगाधिकार लिए पश्चात कार्यक्रम संचालन गरिनेछ । जग्गा व्यवस्थापनको जिम्मेवारी मन्त्रालय तथा अन्तरगतका कार्यालयको रहने छैन । तर जग्गा व्यवस्थापनका लागि मन्त्रालय तथा कार्यालयले आवश्यक समन्वय गर्नेछ ।
- प्रचलित ऐन नियमानुसार कार्यसम्पादनको आधारमा भूक्तानी हुनेछ ।
- संचालित क्रियाकलापहरुलाई थप प्रभावकारी बनाउन आवश्यक्ता अनुसार सम्वन्धित स्थानीय तहहरु तथा स्थानीय सरोकारवालाहरु संग पनि समन्वय र सहकार्य गरी कार्यक्रम संचालन गर्न सकिनेछ।
- स्वीकृत वार्षिक कार्यक्रममा तोकिए बमोजिमको परिमाण र विनियोजित बजेटको परिधि भित्र रहि कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।
- कामको प्रकृति र स्वीकृत बजेटको परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्दा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७,प्रदेश भ्रमण खर्च नियमावली, २०७७, कार्यसञ्चालन निर्देशिका,२०७७, प्रदेश आर्थिक कार्यविधि ऐन,२०७४ र नियमावली,२०७६सहित प्रचलित कानुनले तोकेको परिधि भित्र रहि बजेट तथा कार्यक्रम कार्यान्वयन गरिनेछ ।
- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा स्वीकृत नर्म्स ,सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि लगायतको दस्ताबेज अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ।
- कार्यक्रम सञ्चालन गर्दा स्थानीय समुदाय तथा आदिवासी जनजाती (Indigenous People) को सामाजिक, आर्थिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक प्रभाव पर्ने गरि एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ ।
- यस कार्यविधिमा समावेश हुन नसकेका कार्यक्रमहरु कार्यान्वयन गर्दा प्रचलित कानून तथा तालुक निकायको निर्णय एवं परिपत्र बमोजिम सञ्चालन गरिनेछ।

- कुनै सामुदायिक वन, धार्मिक वन, कवुलियती वन वा वन संरक्षण क्षेत्रको सिमानाभित्र कार्यक्रम संचालन हुने भए प्रचलित वन ऐन र नियमावली अनुसार सम्वन्धित वनको कार्ययोजनामा समावेश गरी कार्ययोजना स्विकृत भए पछि मात्र कार्य प्रारम्भ गरिनेछ।
- जिल्लास्थित कार्यालयहरुले स्थानीय तह तथा सरोकारवाला निकायहरुसँगको समन्वयमा स्थानीयस्तरमा संचालित कृयाकलापहरुको संयुक्त अनुगमन निरिक्षण गरी सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्ने छ।
- संचालित कार्यक्रमहरुको सम्बन्धित स्थानिय तह तथा जिल्ला समन्वय समितिले समेत अनुगमन गर्न सक्नेछ ।
- सवै कार्यक्रम वा योजनाको कार्यान्वयन प्रगति प्रतिवेदन हरेक महिनाको ७ गते भित्र र त्रैमासिक प्रतिवेदन सो अवधि समाप्त भएको ७ दिन भित्र प्रत्येक कार्यालयले निर्देशनालयमा पठाउनुपर्नेछ र निर्देशनालयले एकिकृत प्रगति प्रतिवेदन सो अवधि पछिको सात दिन भित्र मन्त्रालयमा अनिवार्य पठाउनुपर्नेछ।
- विभिन्न गतिविधीहरु संचालन तथा कार्यान्वयन गर्न सहयोग गर्ने क्रममा प्राप्त हुने विभिन्न गुनासो तथा सरोकारहरु नियमानुसार व्यवस्थापन गर्नुपर्नेछ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल



परिच्छेद-३

## उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम

**४. उपभोक्ता समितिबाट संचालन गरिने कार्यक्रम:**

(१) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम पूर्वाधार निर्माणको कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ ।

तर,

(२) देहाय बमोजिमको कार्यक्रमहरु उपभोक्ता समिति मार्फत संचालन गरिने छैनः

(क) प्राविधिक रुपमा जटिल कार्य भनि प्राविधिक प्रतिवेदन प्राप्त भएको,

(ख) हेभी उपकरणहरु प्रयोग गर्नु पर्ने भनि प्राविधिक प्रतिवेदन प्राप्त भएको कार्य,

(ग) पिलर, बीम तथा स्लाब ढलान/कास्टिङ्ग गर्नु पर्ने दुई तला भन्दा बढीको नयाँ ठुला भवन निर्माण कार्य,

तर,

पिलर, बीम तथा स्लाब ढलान गर्नुपर्ने भए पनि बजारबाट निर्माण सामाग्री खरीद गरि ज्यामी/कामदार/मजदुर तथा कालीगढहरुलाई डोरहाजीरमा काममा लगाई सम्पन्न गर्न सकिने सानातिना कामहरु जस्तैः प्रवेशद्वार, शौचालय, कम्पाउण्डवाल, सभाहल/भवन, फर्निसिङ, प्रिकाष्ट भवन, ट्रस भवन, प्रिफाव भवन, एक तला स्लाव ढलानमाथि पिलर खडा गरी फलामे ट्रसको संरचना; निर्मित भवनमा तलाहरु थप्ने, निर्मित भवनमा प्लाष्टर गर्ने, झ्यालढोकाको काम, रंगरोगन, इन्टरिएर डिजाईन सम्वन्धि काम, सौन्दर्यकरण जस्ता कामहरु उपभोक्ता समितिमार्फत गर्न सकिनेछ ।

(घ) कुनै योजनाको कार्यान्वयन गर्न उपभोक्ता समिति इच्छुक नदेखिएको एवं ठेक्का मार्फत कार्य गरिदिन भनी सिफारिस भै आएको काम,

(ङ) लाभग्राही समुदायले कम्तिमा १० प्रतिशत लागत सहभागिता व्यहोर्न नसक्ने,

(च) निर्माण कार्य सम्पन्न भए पश्चात उपभोक्ता समितिमा योजना हस्तान्तरण हुन नसक्ने,

(छ) निर्मित योजनाको संरक्षण तथा मर्मत संभार उपभोक्ता समितिवाट हुन नसक्ने ।

**५. उपभोक्ता समितिको गठनः** (१) सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षता, उपस्थिति वा रोहवरमा भएको भेलाबाट लाभग्राहीहरु मध्येबाट एक उपभोक्ता समिति गठन गर्नु पर्नेछ र समितिमा एक तिहाई महिलाको सहभागिता हुनु पर्नेछ ।

(२) त्यसरी गठन भएको उपभोक्ता समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना महिला अनिवार्य हुनु पर्नेछ ।

(३) उपभोक्ता समितिको जिम्मेवारी निम्नानुसार हुनेछ ।

(क) उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका सम्पूर्ण जिम्मेवारी वहन गर्नु पर्नेछ ।

(ख) उपभोक्ता समितिले कार्यालयबाट खटाइएका प्राविधिक कर्मचारीले दिइएको नीतिगत, प्राविधिक तथा व्यवस्थापकीय सल्लाह बमोजिमको कार्य सञ्चालन गर्नु पर्नेछ ।

(ग) सम्पन्न भएका योजनाको संरक्षण, सदुपयोग, सम्वर्द्धन, मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।

६. **प्राविधिक सर्वेक्षण, लागत अनुमान र स्वीकृतिः** (१) सम्वन्धित प्राविधिकले स्वीकृत वार्षिक कार्यक्रमको स्थलगत अवलोकन गरि फिल्ड सर्वेक्षणको प्रतिवेदन पेश गर्नु पर्नेछ ।सो प्रतिवेदनको आधारमा विस्तृत सर्भे गरि डिजाइन तथा लागत अनुमान तयार गरिनेछ ।

(२) त्यस्तो डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सुझाव, र आवश्यकतालाई पनि आधार लिन सकिनेछ ।

(३) उपदफा (१) बमोजिम तयार भएको लागत अनुमानमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि स्पष्ट खुलेको हुनु पर्नेछ ।

(४) उपदफा (१)(२) र (३) बमोजिमका विवरणहरुको आधारमा आवश्यक प्रक्रिया अपनाई कार्यालय प्रमुखले स्वीकृत गर्नेछ ।

७. **कार्यक्रम कार्यान्वयनः** (१) कार्यक्रम सम्झौता गर्दा देहायको कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) योजनाको कूल लागतको कम्तिमा १० प्रतिशत रकम उपभोक्ता समितिको बैंक खातामा जम्मा गरेको प्रमाण,

(ख) उपभोक्ता समिति गठन सम्बन्धि निर्णय,

(ग) सम्बन्धित पालिका वा वडाको सिफारिस वा सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्यको सिफारिस,

(घ) आयोजनाका प्राविधिकले तयार पारेको डिजाईन, नक्सा सहितको लागत अनुमान,

(ङ) उपभोक्ता समितिले सम्झौता गरी पाउनको लागि दिएको निवेदन ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजातको जाँचबुझ गरि नियमसंगत देखिएमा सम्झौता गरिनेछ ।

(३) उपदफा (२) बमोजिम सम्झौता गरिएका उपभोक्ता समितिलाई कायदिश दिई सो को बोधार्थ सम्वन्धित स्थानीय तह तथा कार्यार्थ सम्वन्धित प्राविधिकहरुलाई दिइनेछ ।

(४) कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गुणस्तर लगायतका सूचकहरु समावेश गरिनेछ।

(५) कार्यदिश बमोजिम तोकिएको प्राविधिकहरुले सम्झौता बमोजिमको कार्यक्रम कार्यान्वयन गर्न नियमित रुपमा प्राविधिक सरसल्लाह, समन्वय र निर्माण व्यवस्थापनमा सहजीकरण गर्नेछन्।

(६) सञ्चालित कार्यक्रमहरु आयोजना, सम्बन्धित कार्यालय तथा मन्त्रालयबाट अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराउन सक्नेछ ।

८. **संचालित कार्यक्रमको भुक्तानीः** (१) दफा ४ (२) बमोजिम सम्झौता भएको कार्यक्रम कार्यान्वयन गर्न अग्रीम पेश्की उपलव्ध गराईनेछैन।

तर,

(२) निर्माण सामाग्री खरीद वा संकलन गरी निर्माणस्थलमा ल्याईसकेको भए वा आंशिक कार्य सम्पन्न गरेको भए सम्बन्धित प्राविधिकको प्रतिवेदन र सिफारिसको आधारमा सोको वील भरपाई वा प्रमाण संलग्न राखी संझौता रकमको एक तिहाई रकम नबढ्ने गरी पेश्की उपलब्ध गराउन सकिनेछ ।

(३) संम्झौता बमोजिम सम्पन्न कामको नापजांच र मुल्यांकन गरी प्रत्येक योजनाको लागि वढीमा दुई किस्ता रकम भुक्तानी गर्न सकिनेछ ।

(४) सम्पन्न कामको किस्ता भुक्तानी गर्दा देहायको कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) सम्वन्धित उपभोक्ता समितिको निर्णय सहितको निवेदन,

(ख) उपभोक्ता समितिको विल भरपाई र खर्च समर्थन गरेको निर्णय,

(ग) सम्पन्न कामको नापी किताव,

(घ) किस्ता भुक्तानी विल,

(ङ) सम्पन्न कामको फोटोहरु,

(च) सम्वन्धित पालिका वा वडा कार्यालयको सिफारिस,

(छ) खर्चका विल भरपाई र डोर हाजीर फारामहरु,

(ज) सम्वन्धित प्राविधिकहरुको अनुगमन प्रतिवेदन सहितको सिफारिस,

(झ) योजना तथा औद्योगिक पूर्वाधार विकास हेर्ने शाखाको सिफारिस ।

(५) सम्पन्न कामको अन्तिम किस्ता भुक्तानी गर्दा देहायको कागजातहरु संलग्न गर्नुपर्नेछ ।

(क) सम्बन्धित उपभोक्ता समितिको काम सम्पन्न भएको जानकारीको निर्णय सहितको माग निवेदन,

(ख) उपभोक्ता समितिको विल भरपाई र खर्च समर्थन गरेको निर्णय,

(ग) सामाजिक लेखापरिक्षण र खर्च सार्वजनिकिकरणको निर्णय,

(घ) अनुगमन समितिको प्रतिवेदन,

(ङ) सम्बन्धित पालिका वा वडा कार्यालयको सिफारिस,

(च) सम्पन्न कामको नापी किताव,

(छ) किस्ता भुक्तानी बिल,

(ज) कार्य सम्पन्न प्रतिवेदन,

(झ) सम्पन्न कामको फोटोहरु,

(ञ) खर्चका बिल भरपाई र डोरहाजिर फारामहरु,

(ट) सम्वन्धित प्राविधिकहरुको अनुगमन प्रतिवेदन सहितको सिफारिस,

(ठ) योजना तथा औद्योगिक पूर्वाधार विकास हेर्ने शाखाको सिफारिस,

(ड) योजना हस्तान्तरण गरेको प्रमाण ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

मानननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीज्यूबाट मिति २०८१।०६।१८ मा स्वीकृत

## परिच्छेद-४

## परामर्श सेवाबाट संचालन गरिने कार्यक्रम

९. **सम्भाव्यता अध्ययन, गुरुयोजना तयारी, विस्तृत परियोजना प्रतिवेदन तयारी, वातावरणीय अध्ययन, सफ्टवेयर निर्माण तथा सञ्चालन लगायतका परामर्श सेवाबाट संचालन गरिने देहायका कार्यक्रमहरु २.५.२.२७, २.५.३.१२, २.५.३.१४, २.५.३.१५, २.५.३.१६, २.५.३.१८, २.५.३.१९, २.५.३.२०, २.५.३.२१, २.५.३.२२, २.५.३.२३, २.५.३.२४, २.५.३.२७, २.५.३.२८, ११.६.१६.२, ११.६.१६.३, ११.६.२१.२, ११.५.४०.२३९, ११.५.४०.२४६, ११.५.४०.२४८, ११.५.४०.२४९, ११.५.४०.२५०, ११.५.४०.२५१, ११.६.३.११, ११.६.२१.१**

उल्लेखित कार्यक्रमहरु देहाय अनुसार सञ्चालन गरिनेछ।

(क) अध्ययन गरिने कृयाकलापका लागि विषय विज्ञ वा समितिको सहयोगमा मन्त्रालय, निर्देशनालय वा कार्यालयको कर्मचारीले वा विशेषज्ञ ईन्जिनियर वा प्राविधिकले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गरिनेछ।

(ख) सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

(ग) छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यदिश दिईनेछ।

(घ) कार्यदिश बमोजिम परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको प्रारम्भिक मस्यौदा र अन्तिम प्रतिवेदन प्रस्तुतीकरण गर्नु पर्नेछ । प्रस्तुतीकरणमा उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रतिवेदन पेश गर्नु पर्नेछ।

(ङ) परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले पेश गरेको अन्तिम प्रतिवेदन प्राविधिक समिति/समितिले पुनरावलोकन गर्नेछ। प्राविधिक समिति/समितिले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको यकिन गरी भुक्तानीको लागि सिफारिस सहित प्रतिवेदन पेश गर्नेछ।

माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीज्यूबाट मिति २०८१।०६।१८ मा स्वीकृत

परिच्छेद-५

## मेला, महोत्सव, प्रदर्शनी आयोजना तथा सहयोग

**१०. २.७.२७.६५ सरोकारवालाको सहकार्यमा औद्योगिक प्रदर्शनी/मेला आयोजनाः** (१) कुनै पनि उद्यमी/उद्योगीले मेला, महोत्सव वा त्यस्तै प्रदर्शनी कार्यक्रममा सहभागिता जनाए बापत कार्यालयले उद्यमीलाई सहयोग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सहयोग प्राप्त गर्न उद्यमीले आफ्नो उद्योगको अद्यावधिक कागजातहरु समावेश गरी सम्बन्धित जिल्लास्थित उद्योग तथा वाणिज्य कार्यालयमा स्टल भाडा, ढुवानी एवम् आतेजाते खर्चको अनुमानित विवरणहरु समावेश गरी मेला, महोत्सव सञ्चालन हुनुपूर्व कम्तीमा ७ दिन अघि निवेदन पेश गर्नुपर्नेछ ।

(३) अन्तर- जिल्ला तथा प्रदेश स्तरीय मेला महोत्सवमा कुनै उद्यमीलाई सहभागिताको लागि पठाउनुपर्ने आवश्यक देखिएमा स्टल भाडा प्रदान गरी सम्बन्धीत कार्यालयले पठाउन सक्नेछ।

(४) कार्यालयले प्राप्त निवेदनहरुका सम्वन्धमा विनियोजित बजेटको परिधिभित्र रही मेला, महोत्सवको प्रकृति, क्षेत्रसँग मेल खाने खालका सम्भावित उद्यमीहरुलाई सम्झौता गरी सहभागिता जनाउन स्वीकृति दिईनेछ । सम्झौता बमोजिम मेला महोत्सव संचालन भएको अनुगमन गरि सम्बन्धित कार्यालयको कर्मचारीले प्रतिवेदन पेश गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिमको स्वीकृति लिई सम्बन्धित मेला महोत्सव वा प्रदर्शनीमा सहभागी भएका उद्यमीहरुले कार्यालयसँग भएको सम्झौता अनुरुप लागत अनुमानको आंशिक वा पूर्ण रकम सोध भर्ना लिन सो को विल भर्पाई, तस्विर सहित कार्यसम्पादनको प्रतिवेदन साथ कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ।

(६) कार्यालयले उपदफा (५) बमोजिम प्राप्त कागजातहरुको जाँचबुझ गरि नियमानुसार भुक्तानी गर्नु पर्नेछ ।

**११. २.७.२७.६८/२.७.२७.६९/२.७.२७.७१/२.७.२७.७२/२.७.२७.७३/२.७.२७.७४/२.७.२७.७५/२.७.२७.७६/२.७.२७.७७/ २.७.२५.२७८ सरोकारवालाको सहकार्यमा विभिन्न औद्योगिक प्रदर्शनी/मेला आयोजनाः** (१) उल्लिखित कार्यक्रमहरुको कार्यान्वयनका लागि निर्देशनालय/कार्यालयले सम्बन्धित मेला, महोत्सव वा त्यस्तै प्रदर्शनी कार्यक्रमको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र सम्बन्धित सरोकारवालाको साझेदारी सुनिश्चित हुने गरी लागत अनुमान स्वीकृत गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यक्रम सञ्चालन गर्न कार्यालयले सम्बन्धित सरोकारवालासँग प्रस्ताव माग गर्नुपर्नेछ ।

(३) कार्यालयले प्राप्त प्रस्तावहरुका सम्बन्धमा विनियोजित बजेट र लागत अनुमानको परिधिभित्र रही वढी लागत साझेदारी गर्ने सरोकारवालालाई मेला, महोत्सवको आयोजना तथा सञ्चालन गर्न सम्झौता गरी कार्यदिश दिनुपर्नेछ । सम्झौता बमोजिम मेला महोत्सव संचालन भएको अनुगमन गरि सम्वन्धित कार्यालयको कर्मचारीले प्रतिवेदन पेश गर्नुपर्नेछ।

(४) उपदफा (३) बमोजिमको कार्यदिश लिई सम्बन्धित मेला महोत्सव वा प्रदर्शनी आयोजना गरेका सरोकारवालाहरुले सम्झौता अनुरुपको रकमको भुक्तानी लिन विल भर्पाई, तस्विर सहितको प्रतिवेदन साथ कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

(५) कार्यालयले उपदफा (४) बमोजिम प्राप्त कागजातहरुको जाँचबुझ गरि नियमानुसार भुक्तानी गर्नुपर्नेछ ।

१२. **२.७.२५.२६७ कर्मचारीको टिम विल्डिङ्ग तथा रिफ्रेसमेन्ट वर्कशप / २.७.२५.२१४ टिम विल्डिङ :** मन्त्रालय तथा मातहतका निकायमा कार्यरत कर्मचारीहरुलाई सहभागी गराई यस शिर्षकमा विनियोजन भएको रकम प्रचलित ऐन तथा नियमावली बमोजिम खर्च गरिनेछ।

१३. **२.६.६.६४ त्रैमासिक/अर्धवार्षिक/वार्षिक समिक्षा गोष्ठी** : मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरु वाट संचालन भएका कार्यक्रमहरुमा के कस्तो प्रगती भयो, कार्यक्रम कार्यान्वयन गर्दा देखिएका सवल र दुर्वल पक्षहरु के थिए कार्यक्रम कार्यान्वयन गर्दा के कस्ता समस्या/चुनौतीहरु आए र तिनको निराकरणका उपायहरु के हुन सक्छन सो पहिचान गरी कार्यक्रमलाई सफलता पूर्वक सम्पन्न गर्न सहयोग पुग्ने अभिप्रायले समीक्षा गोष्ठी संचालन गरिनेछ । आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम स्वीकृत नर्म्स को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

१४. **२.७.३४.१३ बेरुजु व्यवस्थापन:** मन्त्रालय वा मातहतका निकाय, कार्यालयहरुमा विद्यमान तथा सम्भावित बेरुजुको न्यूनीकरण गर्नका लागि जिम्मेवार कर्मचारीहरुलाई अभिमुखीकरण गर्न अन्तर्क्रिया/छलफल कार्यक्रम सञ्चालन गर्न सकिनेछ । आवश्यकता अनुसार प्रदेशका अन्य निकाय, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम स्वीकृत नर्म्स को परिधिभित्र रहि लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्न सकिने छ ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीज्यूबाट मिति २०८१।०६।१८ मा स्वीकृत

परिच्छेद-६

## बहुवर्षिय तथा क्रमागत योजना कार्यान्वयन

**१५. स्वीकृत बहुवर्षिय खरिद योजना कार्यान्वयनः** विगत आ.व. मा खरिद सम्झौता भई कार्यान्वयनमा रहेका बहुवर्षिय ठेक्काका योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, र बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८० ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

**१६. क्रमागत योजना कार्यान्वयनः** विगत आ.व. मा खरिद सम्झौता भई, म्याद थप गरी कार्यान्वयनमा रहेका क्रमागत योजनाहरु सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४, प्रदेश सार्वजनिक खरिद नियमावली २०७६, बागमती प्रदेश आयोजनाको बहुवर्षीय ठेक्कासम्बन्धी मापदण्ड, २०८० ले निर्दिष्ट गरे बमोजिम कार्यान्वयन गरिनेछ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीज्यूबाट मिति २०८१।०६।१८ मा स्वीकृत

परिच्छेद-७

## उद्योग, वाणिज्य तथा भूमि सम्बन्धि कार्यक्रम कार्यान्वयन सम्बन्धी

### १७. कोशेली घर/ साझा सुविधा केन्द्र निर्माण (विभिन्न संघसंस्थाको सहकार्यमा समेत) (११.१.२.९७, ११.१.२.९८, ११.१.२.१००, ११.१.२.१०१, ११.१.२.१०२, ११.१.२.१०३, ११.१.२.१०४, ११.१.२.१०५, ११.१.२.१०६, ११.१.२.१०७, ११.१.२.१०८, ११.१.२.१०९, ११.१.२.११०, ११.१.२.११२):

स्थानीय स्तरका लघु, घरेलु/साना उद्योगबाट उत्पादित उपजहरुको बिक्रीलाई सहज बनाउन तथा बिक्रीका लागि बजार क्षेत्रमा स्थान अभावले ओझेलमा परेका समुदाय/उद्यमीलाई सहयोग गर्न प्रदेश सरकारले यो कार्यक्रम तय गरेको छ । यो कार्यक्रम देहाय अनुसार सम्पादन गरिनेछ ।

(क) निर्देशनालयले आवश्यक अध्ययन गरी देहायका आधारमा सरोकारवालासँग निवेदन माग गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१. कोशेली घर स्थापनाको लागि आवश्यक पर्ने जग्गा उपलब्धताको अवस्था,

२. कोशेली घरनिर्माण पछि उद्यमीको उत्पादन, कृषिजन्य उपज, कच्चापदार्थको उपयोग, बिक्रीवाट रोजगारी र आम्दानीमा हुनसक्ने वृद्धि,

३. कोशेली घरको स्थापनामा लाग्ने कूल लागत तथा सो लागतमा साझेदारी गर्न सक्ने स्थानीय तह, समुदाय, उद्यमीहरुको प्रतिवद्धता ।

**कोशेली घरको स्थापना/व्यवस्थापन र उपयोग प्रक्रिया:**

(क) कोशेली घरको स्थापनाको संभावना देखिएमा कार्यालयले निर्णय गरी सम्बन्धित वडा अध्यक्ष वा वडा सदस्यको रोहवरमा उपभोक्ता समितिको रुपमा काम गर्न कोशेली घरनिर्माण/व्यवस्थापन/संरक्षण समितिको गठन गराउनु पर्नेछ ।

(ख) गठन भएको व्यवस्थापन समितिले स्थानीय तहको सहयोगमा जग्गाको व्यवस्था गरी लागत साझेदारीमा कोशेली घरको स्थापनाको लागि कार्यालयमा निवेदन दिनुपर्नेछ।

(ग) समिति गठन गरी कार्यालयको सिफारिशमा कोशेली घरको नाममा वैङ्क खाता खोल्नु पर्दछ । कार्यालयले उपलब्ध गराएको रकम र अन्य श्रोतबाट प्राप्त गरेको रकमको आम्दानी खर्चको हिसाब दुरुस्त राखी कार्यालय र नगरपालिका/गाँउपालिकामा जानकारी गराउने दायित्व कोशेली घर व्यवस्थापन समितिको हुनेछ ।

(घ) सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार कोशेली घर भवन निर्माण गरिनेछ ।

(ङ) सम्बन्धित स्थानीय तहले कोशेली घरलाई संचालन र व्यवस्थापन गर्न थप सहयोग उपलब्ध गराउन सक्नेछ ।

(च) कोशेली घरको लागत अनुमान तथा डिजाइन निर्देशनालयको इन्जिनियरले तयार गरी पेश गरे पश्चात कार्यालय प्रमुखले स्वीकृत गरे बमोजिम हुनेछ ।

(छ) कोशेली घरको निर्माण तथा उपयोग/व्यवस्थापनका विषयमा समिति र कार्यालय वीच सम्झौता गर्नुपर्नेछ ।

(ज) कोशेली घरको उपयोग उद्यमीहरुले आवश्यक सेवा शुल्क उठाई कोशेली घरको खातामा जम्मा गर्नुपर्नेछ । यस्तो रकम कोशेली घरको मर्मत तथा उद्यम विकासका लागि खर्च गर्न सकिने छ ।

(झ) कोशेली घरको उपयोग उद्यमीहरुले नगर्ने परिस्थिति सृजना भएमा, उद्देश्य अनुरुप उपयोग नहुने परिस्थिति सृजना भएमा वा व्यवस्थापनमा समस्या उत्पन्न भएमा सो कोशेली घरको सम्पत्ति सम्बन्धित स्थानीय तहलाई कानून बमोजिम हस्तान्तरण गर्नुपर्नेछ ।

(ञ) उपदफा (झ) बमोजिमको अवस्था भई प्राप्त हुन आएको कोशेली घरलाई सम्वन्धित स्थानीय तहले अन्य उद्यमीसमूहलाई कार्यालयको सहमतिमा हस्तान्तरण गर्न सक्नेछ ।

(ट) कोशेली घरको निर्माणमा एकरुपता कायम गर्न निर्देशनालयले कोशेली घरको नमूना डिजाईन तयार गरी मन्त्रालयबाट स्वीकृत गराउनु पर्नेछ।

## १८. प्रविधि हस्तान्तरण सम्बन्धी कार्यक्रम/ अन्य संस्थालाई सःशर्त पूँजीगत अनुदान (१.३.५ एवम् ११.३.२२ भित्रका क्रियाकलापहरु)

उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारबाट स्वीकृत प्रविधि हस्तान्तरण सम्बन्धी प्रचलित कार्यविधि बमोजिम सम्पादन गर्नुपर्नेछ।

## १९. विभिन्न सीप विकास तथा उद्यमशीलता सम्बन्धी तालिम कार्यक्रमहरु (२.६.४ भित्रका सबै क्रियाकलापहरु)

उल्लेखित कार्यक्रमहरु प्रदेश सरकारबाट स्वीकृत सीप विकास तालिमको पहिचान तथा तालिम सञ्चालन सम्बन्धी प्रचलित कार्यविधि बमोजिम सम्पादन गर्नुपर्नेछ।

## २०. उद्यम विकास/तालिम सहजकर्ता (तालिम संचालन सहयोग-प्रति जिल्ला ३ जना,कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार) (उद्यमशीलता, रोजगारी मुलक/सशक्तिकरण/सीप विकास तथा क्षमता अभिवृद्धि तालिम):

उद्योग तथा वाणिज्य कार्यालयको कामलाई प्रभावकारी बनाउन तथा संस्थागत स्मरणका लागि विगत वर्ष देखि कार्यरत कर्मचारीहरुलाई निरन्तरता दिने कार्यक्रम हो ।कार्यक्रमवाट उद्योग, वाणिज्य तथा कार्यालयको सम्पूर्ण कार्यसम्पादनको मासिक प्रगति तयारी, उद्योगको तथ्याङ्क व्यवस्थापन, तथ्याङ्कको कम्प्यूटर अभिलेखीकरण गर्नुपर्नेछ।यसरी नियुक्त गरिएका जनशक्तिको मासिक पारिश्रमिक सहायकस्तर चौंथो वा सो सरहको हुनेछ र

मासिक प्रतिवेदन लिइ पारिश्रमिक उपलब्ध गराइनेछ ।कार्यालय प्रमुखले यस्ता जनशक्तिलाई कार्यालयको अन्य काममा समेत लगाउन सक्नेछ ।कार्यालय प्रमुखले उद्यम विकास/तालिम सहजकर्ताको कार्य सम्पादन सन्तोषजनक नपाएमा निजलाई सफाई पेश गर्ने मौका दिई सफाई चित्तबुझ्दो नभएमा नियमानुसार अर्को व्यक्ति नियुक्त गर्न बाधा पुऱ्याएको मानिने छैन ।

१) उद्यम विकास सहजकर्ता/तालिम सहजकर्ताको योग्यताः उद्यम विकास सहजकर्ता न्युनतम एस.एल.सी. वा एस.ई.ई. पास गरी उद्यम विकास सहजकर्ताको तालिम प्राप्त गरेको हुनुपर्नेछ भने एस.एल.सी वा एस.ई.ई पास गरी आधारभूत कम्प्युटर तालिम प्राप्त गरेको व्यक्तिलाई तालिम सहजकर्ताको रुपमा नियुक्त गर्नु पर्नेछ ।

२) कार्यालयले तालिम संचालन सहजिकरणको लागि सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधि भित्र रही उद्यम विकास/तालिम सहजकर्ता नियुक्त गर्ने सक्नेछ ।

३) नियुक्त भएका उद्यम विकास/तालिम सहजकर्ताको कार्यविवरणमा कार्यालयले सेवा सुविधा तोकी कार्य सम्पादन गराउन सक्नेछ ।

४) यस कार्यक्रम अनुसार उद्यम विकास सम्बन्धी सहजिकरण गर्न उद्यम विकास सहजकर्ता(बढीमा दुई जना) को रुपमा र तथ्याङ्क सम्बन्धी काम गर्ने लाई तालिम सहजकर्ता (बढीमा एक जना) को रुपमा प्राथमिकता दिन सकिनेछ ।

५) उद्यम विकास सहजकर्ता र तालिम सहजकर्ताको पारिश्रमिक रकम स्वीकृत कार्यक्रमको खर्च शीर्षक नम्बर २२५१२ बाट खर्च लेखिनेछ ।

## २१. नियमित बजार/व्यापार/व्यवसाय अनुगमन ( सबै किसिमको बजार अनुगमन)

१) प्रचलित व्यापार, व्यवसाय तथा उपभोक्ता संरक्षण सम्वन्धी संघीय तथा प्रादेशिक कानून तथा प्रदेश स्तरीय सयुंक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८० बमोजिम अनुगमन गरिनेछ ।

२) पन्ध्र दिनमा कम्तीमा एउटा वडा/बजार को अनुगमन गर्नुपर्नेछ ।

३) मासिक खाद्यान्न वा उपजको मौज्दातको विवरण निर्देशनालयमा पेश गर्नुपर्ने छ ।

४) अनुगमन टोलीको लागि कार्यालयको सवारी साधन प्रयोग गर्ने र खाजा खर्चको व्यवस्था कार्यालयले गर्नुपर्ने छ ।

५) १६ कि.मि. भन्दा बढी दुरीमा अनुगमन गर्नु पर्ने भएमा भ्रमण खर्च नियमावली, २०६४ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउनु पर्नेछ ।

६) अनुगमनको प्रतिवेदन निर्देशनालय र मन्त्रालयमा पेश गर्नुपर्ने छ ।

## २२. २.६.६.२८/२.६.६.५० (जिल्लास्तरमा सरोकारवालासंग अन्तरक्रिया गोष्ठी)

(क) उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धनका लागि सरोकारवालाहरुको उपस्थितिमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ख) यस कार्यक्रम अन्तरगत उद्योग, वाणिज्य प्रशासन सम्बन्धी कानूनको बारेमा जनचेतना जगाउने र सल्लाह सुझाव लिने गरी कार्यक्रम गर्नुपर्ने छ ।

(ग) उक्त कार्यक्रममा आवश्यक्ता अनुसार उद्योग, व्यापार तथा व्यवसाय क्षेत्रमा काम गरेका सफल, नमूना उद्यमी वा विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

(घ) गोष्ठी तथा कार्यशालाको खर्च तथा बैठक भत्ता खर्च प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ एवम् नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका २०७७ बमोजिम गर्नुपर्नेछ।

(ङ) गोष्ठीको प्रतिवेदन निर्देशनालयमा पेश गर्नुपर्नेछ ।

## २३. २.७.२५.१३५, २.७.२५.१९० (वार्षिक कार्यक्रम तथा प्रगति विवरण प्रकाशन, वार्षिक प्रगति पुस्तिका प्रकाशन)

चालु आर्थिक वर्षको प्रथम त्रैमासिक अवधि भित्र सम्बन्धित कार्यालयले आफ्नो कार्यालयबाट गत आर्थिक वर्षभरी सम्पादन गरेको सम्पूर्ण कार्यसम्पादनको प्रगति विवरण देहायको ढाँचामा तयार गरी प्रकाशन गरी तालुक निकायमा पठाउनु पर्नेछ ।

- कार्यालयको परिचय,
- कार्यालयले उपलब्ध गराउने सेवाहरु,
- कार्यालयको प्रगति ( भौतिक तथा वित्तिय),
- प्रविधि प्राप्त गर्नेको सूची,
- तालिम प्राप्त गरेका व्यक्तीको सूची,
- उद्यमीहरुको सफलताको कथा र महिला, दलित तथा दुर्गम क्षेत्रका जनताले सञ्चालन गरेका उद्यमको विवरण फोटो सहित,
- कार्यालयले सम्पन्न गरेका मुख्य मुख्य कार्यहरु,
- कार्यालयका सवै कर्मचारीको विवरण,
- कार्यालयको सम्पर्क नम्वर, वेवसाईट र ईमेल,
- राम्रा सिकाई तथा गर्नुपर्ने सुधार,
- निष्कर्ष ।

## २४. उद्योग दिवस/उपभोक्ता दिवस

(क) स्थानीय तह र सरोकारवालाले आयोजना गर्ने मेला वा दिवस वा घुम्ती शिविर आदिमा कार्यालयले समन्वय गरी सहयोग गर्न सकिने छ।

(ख) उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षणसँग सम्बन्धित विषयमा सरोकारवाला निकायसँग समसामयीक छलफल, अन्तरक्रिया वा वैठकको आयोजना गर्नुपर्नेछ।

(ग) यस कार्यक्रम अन्तरगत गरिने खर्च प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ तथा नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य सञ्चालन निर्देशिका, २०७७ अनुसार गर्नुपर्नेछ ।

(घ) कार्यालयले सरोकारवाला निकायसँग लागत साझेदारीमा समेत बैठक/ अन्तरक्रिया कार्यक्रम आयोजना गर्न सक्नेछ ।

**२५. Business Incubation Center स्थापना, सञ्चालनमा सहयोग तथा प्रविधि खरिद**

(क) Business Incubation Center स्थापना, सञ्चालनमा सरोकारवालाहरुसँगको लागत साझेदारीमा सहकार्य गर्नुपर्नेछ ।

(ख) प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानून बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

**२६. २.५.३.१० उद्योग तथा वाणिज्य दर्ता फाईल डिजिटाईज कार्य (सेवा र परामर्श खर्च)**

क. मन्त्रालयले उद्योग तथा वाणिज्य दर्ता फाईल डिजिटाईज कार्यक्रम संचालन गर्न उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय र कार्यालयहरुसँग समन्वय गरी कार्य योजना बनाउनु पर्नेछ।

ख. सम्पादन गरिने कृयाकलापका लागि विषय विज्ञको सहयोगमा मन्त्रालयले विशेषज्ञ ईन्जिनियर वा प्राविधिकले तयार पारेको कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गर्नेछ।

ग. सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ।

घ. छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसंग स्वीकृत कार्यसूची बमोजिम कार्य गर्न सम्झौता गरि कार्यदिश दिईनेछ।

ङ. कायदिश बमोजिम परामर्शदाता कम्पनी वा फर्मले सम्पन्न गरेको डिजिटाईजेसन कार्यको प्रतिवेदनको प्रस्तुतीकरण गर्नु पर्नेछ ।प्रस्तुतीकरणमा उद्योग तथा वाणिज्य कार्यालयहरुबाट उपलब्ध गराईएका पृष्ठपोषणहरु समेतलाई समावेश गरी अन्तिम प्रगति प्रतिवेदन पेश गर्नु पर्नेछ।

च. परामर्शदाता कम्पनी वा फर्म ले पेश गरेको अन्तिम प्रतिवेदन प्राविधिक समिति/समितिले पुनरावलोकन गर्नेछ। प्राविधिक समिति/समितिले संम्झौता र कार्यक्षेत्रगत शर्त पुरा गरे नगरेको एकिन गरी भुक्तानीको लागि सिफारिस सहित प्रतिवेदन पेश गर्नेछ।

**२७. २.८.१.२१ दर्ता तथा नविकरण भएका उद्योगहरुको अनुगमन गरी अवस्था (उत्पादन, रोजगारी र पूँजी) देखिने प्रतिवेदन तयारी (घरेलु, साना, मझौला र ठूला उद्योग मात्र), २.८.१.३ उद्योग अनुगमन तथा मुल्याङ्कन**

(क) प्रचलित व्यापार, व्यवसाय सम्बन्धि कानून तथा प्रदेश स्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०८० अनुसार बजार अनुगमन कार्य योजना तयार गरी अनुगमन गर्ने वा आवश्यकता अनुसार जुनसुकै बेला गर्न सकिनेछ ।

(ख) मासिक रुपमा कम्तिमा १ पटक उद्योग अनुगमन गर्नुपर्नेछ।

(ग) अनुगमन टोलीको लागि कार्यालय/निर्देशनालयको सवारी साधन प्रयोग गर्ने र खाजा खर्चको व्यवस्था कार्यालय/निर्देशनालयले गर्नेछ ।

(घ) १६ कि.मि. भन्दा बढी दुरीमा अनुगमन गर्नु पर्ने भएमा भ्रमण खर्च नियमावली २०६४ अनुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउनु पर्नेछ ।

(ङ) अनुगमनको प्रतिवेदन कार्यालयले निर्देशनालयमा र निर्देशनालयले मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

## २८.२.६.१.४० कार्यालय/निर्देशनालयका कर्मचारीहरुको लागि उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी क्षमता अभिवृद्धि तालिम

(क) यस कार्यक्रमबाट कार्यालयका कर्मचारीहरुलाई उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धमा प्रशिक्षित गर्नुपर्नेछ ।

(ख) कार्यालय प्रमुख वा उद्योग तथा वाणिज्य क्षेत्रमा कम्तीमा ३ वर्ष सेवा गरेको अधिकृतस्तरको कर्मचारीले प्रशिक्षकको रुपमा काम गर्न सक्नेछ ।

(ग) कार्यालयले यस कार्यक्रमको खर्च प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८ एवम् नेपाल सरकार, अर्थ मन्त्रालयले तयार गरेको कार्य संञ्चालन निर्देशिका २०७७ बमोजिम गर्नुपर्नेछ।

(घ) वजेट विनियोजनको अवस्था र कार्यालयको आवश्यकता अनुसार यस कार्यक्रम एकपटक भन्दा बढी पनि आयोजना गर्न सकिनेछ।

(ङ) खण्ड (घ) बमोजिम एक पटक भन्दा वढी पटक आयोजना गर्नुपर्ने भएमा मन्त्रालयको सहमति लिई सञ्चालन गर्नुपर्नेछ ।

## २९.२.७.२५.२७४ उद्योग, वाणिज्य, भूमि तथा प्रशासन क्षेत्रमा भएका विभिन्न उपलब्धिहरुका विषयमा सम्बन्धित सरोकारवालाहरुसँग अनुभव आदान प्रदान कार्यक्रम

उल्लेखित कार्यक्रम प्रचलित ऐन नियमभित्र रही तपसिलका उद्देश्य बमोजिम कार्यान्वयन गर्नुपर्नेछ,

(क) कार्यक्रम मन्त्रालयको विषयक्षेत्र एवम् कार्य जिम्मेवारीसँग सम्बन्धित हुनुपर्नेछ,

(ख) कार्यक्रममा मन्त्रालय तथा मातहतका निकायहरुका कर्मचारीहरुलाई समेत सहभागी गराई संघीय सरकार तथा अन्य प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासनसँग सम्बन्धित सरोकारवालासँग वैठक तथा अनुभव आदान प्रदान कार्यक्रम सञ्चालन गर्नुपर्नेछ,

(ग) कार्यक्रम सम्पन्न भए पश्चात् पन्ध्र दिनभित्र सोको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## ३०.२.७.२५.१९५ बजार अनुगमनबाट जफत गरिएको म्याद गुज्रेको तथा कमसल गुणस्तरका सामान डिस्पोजल ब्यवस्थापन

उल्लेखित कार्यक्रम सञ्चालन गर्दा प्रदेश स्तरीय संयुक्त बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका, २०८० तथा अन्य प्रचलित कानून बमोजिम सरोकारवाला तथा जिम्मेवार पदाधिकारीको उपस्थितिमा सम्पादन गर्नुपर्नेछ।

## ३१.२.७.२५.२७५ उद्योग वाणिज्य क्षेत्रका सम्बन्धमा छिमेकी मुलुकहरुमा भएका उपलब्धिहरुको अध्ययन अवलोकन

यस कार्यक्रमको कार्यान्वयन मन्त्रालय/मातहतका निकायहरुमा कार्यरत कर्मचारीहरु तथा उद्योग, वाणिज्य क्षेत्रका विज्ञ (कम्तिमा एक जना महिला सहित अधिकतम दुई जना) लाई छिमेकी मुलुकहरुको औद्योगिक तथा वाणिज्य क्षेत्रमा भएका उपलब्धिहरुको अध्ययन अवलोकन गराउन प्रचलित कानूनको अधिनमा रही कार्यान्वयन गर्नुपर्नेछ ।

## ३२. २.७.२५.२७६ हाम्रो प्रदेश हाम्रो उद्यम टेलिसिरियल उत्पादन र प्रशारण/ २.७.२५.२७७ महिला लघु उद्यमी रेडियो सचेतना कार्यक्रम

माथि उल्लेखित कार्यक्रम प्रचलित सार्वजनिक खरिद कानूनको परिधिभित्र रही कार्यान्वयन गर्नुपर्नेछ ।

## ३३. २.७.२५.२८१ नवप्रवर्तन उद्यमी सम्मान कार्यक्रम

उल्लिखित कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले आर्थिक वर्ष २०८०।०८१ मा तर्जुमा गरेको नवप्रवर्तन उद्यमी सम्मान मापदण्डमा समयानुकुल परिमार्जन गरी प्रचलित ऐन नियम बमोजिम कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

## ३४. २.७.२५.२८३ उपभोक्ता सचेतना कार्यक्रम / २.७.३४.२ विद्यालय,स्थानीय तह,निजी क्षेत्र एवम् सामुदायिक संस्थाहरुसँगको सहकार्यमा उपभोक्ता हक हित संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम

उल्लेखित कार्यक्रमहरु तपसिल वमोजिमको उद्देश्य पुरा गर्ने गरी कार्यान्वयन गर्नुपर्नेछ,

(क) कार्यक्रम उपभोक्ता हक हित संरक्षण गर्ने उद्देश्यले सञ्चालन गर्नुपर्नेछ ।

(ख) उपभोक्ता सचेतना, बजार अनुगमन तथा खाद्य सुरक्षा जस्ता विषयहरुमा अनुभव आदान प्रदान एवम् अन्तर्क्रिया गरी विद्यालय, स्थानीय तह, निजी क्षेत्र एवम् सामुदायिक संस्थाहरुसँग सहकार्य गरी उपयुक्त स्थानमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ग) कार्यक्रम सरकारी कार्यालयको सभाहल, विद्यालयको कक्षाकोठा तथा सामुदायिक भवनको उपयोग गरी सञ्चालन गर्नुपर्नेछ ।

(घ) कार्यक्रममा मन्त्रालय/निर्देशनालयका प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।

(ङ) एक त्रैमासिक अवधिमा कम्तीमा एक पटक भिन्न भिन्न स्थानमा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्नुपर्नेछ।

(च) कार्यक्रम सम्पन्न भए पश्चात् दश दिनभित्र सोको प्रतिवेदन निर्देशनालय/मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## ३५. ११.६.२५.३ भुटनदेवी मा.वि. को औद्योगिक उपज प्रदर्शनी भवन निर्माण

उल्लेखित कार्यक्रम प्रचलित सार्वजनिक खरिद कानूनको परिधीभित्र रही कार्यान्वयन गर्नुपर्नेछ ।

## ३६. २.७.३४.३ स्थानीय तहहरुसँग उद्योग तथा वाणिज्य प्रशासन एवम् नियमनका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम

उल्लेखित कार्यक्रम तपसिल बमोजिमको उद्देश्य पुरा गर्ने गरी कार्यान्वयन गर्नुपर्नेछ।

(क) स्थानीय तहका पदाधिकारी तथा कर्मचारीहरुलाई प्रादेशिक कानूनसँग अभ्यस्त गराउने हेतुले अनुभव आदान प्रदान एवम् अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नुपर्नेछ।

(ख) कार्यक्रम स्थानीय तहको सभाहल वा अन्य सरकारी कार्यालयको सभाहल उपयोग गरी सञ्चालन गर्नुपर्नेछ ।

(ग) सहभागीलाई खाजाको व्यवस्थाका लागि मात्र रकम खर्च गर्न सकिनेछ ।

(घ) कार्यक्रममा मन्त्रालय/निर्देशनालयका प्रतिनिधि आमन्त्रण गर्न सकिनेछ ।

(ङ) एक त्रैमासिक अवधिमा कम्तीमा एक पटक भिन्न भिन्न स्थानमा अन्तर्क्रिया कार्यक्रम आयोजना गर्नुपर्नेछ।

(च) कार्यक्रम सम्पन्न भए पश्चात् दश दिनभित्र सोको प्रतिवेदन निर्देशनालय/मन्त्रालयमा पेश गर्नुपर्नेछ।

## ३७. २.७.३४.१२ प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ एवम् प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ को Post Legislative Scrutiny सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम

प्रदेशका उद्योग तथा वाणिज्य कार्यालयहरुबाट प्रवाह हुने सेवा तथा संकलित राजश्व एवम् अन्य क्षेत्रमा के कस्तो प्रगती भयो, कार्यान्वयन गर्दा पाईएका सबल र दुर्बल पक्षहरु के थिए, कानून कार्यान्वयनका लागि के कस्ता समस्या चुनौतीहरु आए र तिनको निराकरणका उपायहरु के/ के हुन सक्छन पहिचान गर्न सहयोग पुग्ने अभिप्रायले प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ एवम् प्रादेशिक व्यापार तथा व्यवसाय सम्वन्धी ऐन, २०७६ को Post Legislative Scrutiny सम्वन्धमा अन्तर्क्रिया तथा छलफल गरिनेछ । आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ ।यस शिर्षकको रकम स्वीकृत नर्म्स को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई सो बमोजिम खर्च गर्नुपर्नेछ ।

## ३८. २.७.३४.९ नीति निर्माणका लागि सरोकारवाला निकायहरुसँग नीति संवाद तथा अन्तर्क्रिया कार्यक्रम

मन्त्रालयको कार्यक्षेत्रसँग सम्वन्धीत विपयमा आवश्यक नीति तर्जुमाको लागि परामर्श सेवा तथा सरोकारवालासँग अन्तर्क्रिया एवं नीति संवाद कार्यक्रममा प्रचलित कानूनको परिधिभित्र रही खर्च गर्नुपर्नेछ।

## ३९. २.७.५.६२ बागमती प्रदेशको उद्योगको अवस्था र सम्भावना बारे श्रव्यदृश्य सामाग्री निर्माण

उल्लेखित कार्यक्रम प्रचलित सार्वजनिक खरिद कानूनको परिधीभित्र रही कार्यान्वयन गर्नुपर्नेछ।

## ४०. २.७.२८.११ उद्योग,वाणिज्य तथा उपभोक्ता हक-हित संरक्षण सम्बन्धी प्रादेशिक कानून तर्जुमा तथा छलफल कार्यक्रम

उद्योग, वाणिज्य तथा उपभोक्ता हक हित सम्बन्धी प्रादेशिक कानूनहरुको तर्जुमाको लागि परामर्श सेवा, तयारीका लागि बैठक भत्ता, सरोकारवालासँग अन्तर्क्रिया आदिमा प्रचलित कानूनको परिधिभित्र रही खर्च गर्नुपर्नेछ ।

## ४१. २.७.२८.१२ लघु तथा घरेलु उद्यमीहरुको सफलताको कथाहरुको डकुमेन्ट्रि तयारी

उल्लेखित कार्यक्रम देहायअनुसार कार्यान्वयन गर्नुपर्नेछः

क. निर्देशनालयले मन्त्रालय र कार्यालयहरुसँग समन्वय गरी योजना बनाउनुपर्नेछ ।

ख. तयार गरिने डकुमेन्ट्रीका लागि विषय विज्ञको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान स्वीकृत गर्नुपर्नेछ।

ग. स्वीकृत लागत अनुमान अनुसार सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्य सम्पादन गर्नुपर्नेछ।

## ४२. २.७.२८.१४ अनुसन्धान तथा विकास (उद्यमशीलता र नवप्रवर्तन आदि)

उद्यमशिलता तथा नवप्रवर्तनको क्षेत्रमा प्रभावकारी कार्यसम्पादन गर्न यस क्षेत्रसँग सम्वन्धीत सरकारी, निजी, तथा शैक्षिक संघ संस्थासँग साझेदारीमा मन्त्रालयले मापदण्ड तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ।

## ४३. २.७.२८.१५ प्रदेशस्तरीय बजारीकरण तथा औद्योगिकिकरणको सम्भावना अवलोकन भ्रमण

प्रदेश भित्रका विशिष्टिकृत सम्भावना बोकेका र विशेष क्षेत्रमा उत्पादन हुने वस्तुहरुको बजारीकरण तथा औद्योगिकिकरणको सम्भावनाका सम्बन्धमा त्यस्ता स्थानमा जिल्ला स्थित कार्यालय एवम् निर्देशनालयको सहयोगमा मन्त्रालयले प्रचलित कानून बमोजिम सरोकारवालाहरुसँग अन्तर्क्रिया, गोष्ठी तथा छलफल कार्यक्रम सञ्चालन स्वीकृत नर्मसको परिधिभित्र रही गर्नुपर्नेछ ।

## ४४. २.६.६.६६ प्रदेशभित्रका मालपोत तथा नापी कार्यालयहरुसँग अन्तर्क्रिया तथा छलफल

प्रदेश भित्रका भूमिसुधार तथा मालपोत कार्यालयहरु/ मालपोत कार्यालयहरु एवम् नापी कार्यालयहरुबाट प्रवाह हुने सेवा तथा संकलित राजश्व एवम् अन्य क्षेत्रमा के कस्तो प्रगति भयो,कार्यान्वयन गर्दा देखिएका सवल र दुर्वल पक्षहरु के थिए, कानून कार्यान्वयनका लागि के कस्ता समस्या चुनौतीहरु आए र तिनको/

निराकरणका उपायहरु के हुन सक्छन्‌पहिल्याउन सहयोग पुग्ने अभिप्रायले आवश्यकता अनुसार **प्रदेशभित्रका मालपोत तथा नापी कार्यालयहरुसँग अन्तर्क्रिया तथा छलफल** गरिनेछ । आवश्यकता अनुसार प्रदेशका अन्य मन्त्रालय, संघीय विभागका प्रमुख तथा प्रतिनिधिहरुलाई समेत आमन्त्रण गर्न सकिनेछ । यस शिर्षकको रकम स्वीकृत नर्म्स को परिधिभित्र रही खर्च गर्नुपर्नेछ।

## ४५. २.७.३४.१४ सरकारी, सार्वजनिक तथा गुठी जग्गाको विद्युतीय अभिलेख तयारी

उल्लिखित कार्यक्रमको कार्यान्वयनका लागि मन्त्रालयले प्रचलित खरिद कानून वमोजिम कार्य सम्पादन गर्नुपर्नेछ।

## ४६. २.७.३४.५ प्रदेश भूउपयोग परिषद्‌को गठन तथा सञ्चालन

भूउपयोग ऐन २०७६ र नियमावली २०७९ र अन्य प्रचलित कानून बमोजिम परिषद् गठन पश्चात सो परिषद्‌को बैठक भत्ता तथा कार्यक्रम खर्च प्रचलित कानून बमोजिम उपलव्ध गराउनुपर्नेछ ।

## ४७. २.७.३४.६ प्रादेशिक एटलस तयारी तथा प्रकाशन

उल्लिखित कार्यक्रमको कार्यान्वयनका लागि मन्त्रालयले प्रचलित खरिद कानून बमोजिम कार्य सम्पादन गर्नुपर्नेछ।

## ४८. २.७.३४.७ चक्लाबन्दी र जग्गा एकीकरण गर्न स्थानीय तहको सहकार्यमा नमुना कार्यक्रम सञ्चालन

उल्लिखित कार्यक्रमको कार्यान्वयनका लागि मन्त्रालयले आवश्यक कार्यविधि तर्जुमा गरी कार्यसम्पादन गर्नुपर्नेछ ।

## ४९. २.७.२८.९ भूमि सम्बन्धि ऐन, नियम नीति, कानून, मापदण्ड, कार्यविधि निर्माण

भूमि सम्बन्धी विभिन्न कानूनहरुको तर्जुमा, बैठक भत्ता, सरोकारवालासँग अन्तरक्रिया आदिमा उल्लेखित कार्यक्रममा प्रचलित कानूनको परिधिभित्र रही खर्च गर्नुपर्नेछ ।

## ५०. ११.३.२२.५८ Survey Instrument खरिद

उल्लेखित कार्यक्रम प्रचलित सार्वजनिक खरिद कानून बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

## ५१. ११.४.२२.९८५ सर्भे पार्क र वाल निर्माण

उल्लेखित कार्यक्रम प्रचलित सार्वजनिक खरिद कानून बमोजिम कार्यान्वयन गर्नुपर्नेछ ।

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
हेटौंडा, नेपाल

माननीय उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रीज्यूबाट मिति २०८१।०६।१८ मा स्वीकृत

## परिच्छेद-८

## स्थानीय तहमा हस्तान्तरित कार्यक्रमहरु सम्बन्धी

**५२. प्रदेश सशर्त अनुदान अन्तर्गत विभिन्न प्रकृतिका कोशेली घर निर्माण ११.१.२.११ (ईच्छाकामना गाउँपालिका, चितवन), ११.१.२.१३ (हेटौंडा उपमहानगरपालिका, मकवानपुर), ११.१.२.१२ (ललितपुर महानगरपालिका, ललितपुर), ११.१.२.११ (ईच्छाकामना गाउँपालिका, चितवन), ११.१.२.१४ (नागार्जुन नगरपालिका, काठमाडौं)**

प्रदेश सशर्त अनुदान सम्वन्धी कार्यविधि, २०७९ बमोजिम स्थानीय तहको सक्रिय सहभागितामा स्थानीय स्तरका लघु, घरेलु/साना उद्योगबाट उत्पादित उपजहरुको बिक्रीलाई सहज बनाउन तथा बिक्रीका लागि बजार क्षेत्रमा स्थान अभावले ओझेलमा परेका समुदाय/उद्यमीलाई सहयोग गर्न प्रदेश सरकारले यो कार्यक्रम तय गरेको हो । यो कार्यक्रम सञ्चालन गर्दा "प्रदेश सशर्त अनुदान सम्वन्धी कार्यविधी, २०७९" को दफा १२ को पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्नेछ । यस कार्यक्रम सञ्चालन सम्वन्धी अन्य व्यवस्था प्रचलित खरिद कानून बमोजिम गर्नुपर्नेछ ।